**CMC Journal** ISSN: 2795-1588 (Print)

Received Date: Oct 20, 2025 Accepted Date: Feb 15, 2026

# नेपालको राजनीतिमा वर्ग सङ्घर्षको ऐतिहासिक विकास, वर्तमान प्रवृत्ति र भावी दिशा : एक आलोचनात्मक अध्ययन

**समीर श्रेष्ठ**

त्रि.वि.

**सार**

यो अनुसन्धानात्मक लेखले नेपालको राजनीतिमा वर्ग सङ्घर्ष र प्रवृतिको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्दछ । नेपालको राजनीतिक इतिहास, वर्तमान परिदृश्य र भविष्यका सम्भावनाहरूलाई वर्ग सङ्घर्षको सन्दर्भबाट हेरिएको छ । नेपालको राजनीतिमा सामन्तवाद हुँदै आजको संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको राजनैतिक,सामाजिक,सांस्कृतिक र आर्थिकको परिदृश्यलाई आकार दिदै नेपालमा वर्ग संर्घषको राजनीतिक रुपान्तरणको महत्वपूर्ण चालकको रुपमा रहेको छ । यस लेखले नेपालमा वर्ग संर्घषको ऐतिहासिक,अनुभवजन्य र नीतिगत आयामहरुको समिक्षा गरिएको छ । नेपालमा राजनीतिक रुपमा भएको परिवर्तनमा यसको भूमिका,समसामयिक सान्दर्भिकता र भविष्यका प्रभावहरु खोज तथा अनुसन्धान गर्दछ । यसमा सैद्धान्तिक ढाँचा र अनुभवजन्य प्रमाणहरुलाई एकीकृत गर्ने गुणात्मक विधिहरुको दृष्ट्रिकोण प्रयोग गर्दै यस अध्ययनले निरन्तर वर्ग असमानताहरुलाई सम्बोधन गर्न बलियो नीति कार्यान्वयनको आवश्यकतालाई जोड दिइएको छ ।वर्ग आधारित सामाजिक न्यायमा विश्वव्यापी छलफलमा यस लेखले योगदान पुऱ्याउँदछ र समान संक्रमणबाट गुज्रिरहेको विकासशील राष्ट्रहरुको लागि अनुसन्धान र खोज प्रदान गर्दछ । नेपालको सामाजिक र राजनीतिक संरचना बहुआयामिक र जटिल छ। परम्परागत मार्क्सवादी दृष्टिकोण र नवमार्क्सवादी दृष्टिकोण दुवैमा वर्गसङ्घर्षका विभिन्न परिभाषा र सीमाहरू रहेका छन्, जुन नेपालको स्थितिमा एकदमै महत्वपूर्ण छन्। नेपालमा वर्गसङ्घर्षको अध्ययनले सामाजिक न्याय, समानता र सामाजिक समृद्धिका परिपेक्ष्यमा नयाँ दिशा दिने अपेक्षा गरिएको छ। यस विश्लेषणले वर्गसङ्घर्षको सैद्धान्तिक सीमाहरूमा नेपाली सन्दर्भलाई

थप प्राज्ञिक र समग्र दृष्टिकोणबाट हेरि एकीकृत समाधानको परिकल्पना गर्दछ।गुणात्मक ( त्रगबष्तिबतष्खभ) अनुसन्धान विधिहरूको प्रयोग गरी, वर्ग सङ्घर्षको समकालीन महत्व, चुनौतीहरूतथा पुनरुत्थानका सम्भावनाहरूबारे गहिरो विमर्श गरिएको छ। नेपालमा वर्गीय राजनीति पुनः सशक्त बनाउन नीतिगत पुनर्संरचना, श्रमिक अधिकारको प्रवर्द्धन र समावेशी राजनीतिक संरचनाको आवश्यकता देखिन्छ।नेपालको राजनीतिक परिवर्तनहरू, चाहे त्यो राणाशासनको अन्त्य होस्, पञ्चायती व्यवस्थाको पतन होस् वा गणतन्त्र स्थापनासँग सम्बन्धित आन्दोलनहरू हुन्। ती सबै वर्गीय सम्बन्धहरूका अन्तरक्रियाबाट निर्देशित भएका छन्।यो अध्ययन नेपालमा वर्ग सङ्घर्षको ऐतिहासिक प्रवाहलाई मार्क्सवादी, नव-मार्क्सवादी, नवसंस्थागतवाद तथा प्रभृत्ववाद सिद्धान्तको दृष्टिकोणबाट विश्लेषण गर्छ। सामाजिक आन्दोलन र पहिचानको राजनीति (identity politics) ले वर्ग सङ्घर्ष अहिले कमजोरको साथै वर्ग शुद्धता छुट्याउन गाह्रो छ।

***शब्दकुञ्जी:*** वर्ग सङ्घर्ष, नेपाल,राजनीतिक,लोकतन्त्र,संविधान,सामाजिक न्याय,नीतिगत विश्लेषण,समकालीन प्रवृत्ति, भविष्यको दिशा

## परिचय

यस अध्ययनले नेपालको राजनीतिक इतिहासमा वर्ग सङ्घर्षकोभूमिका, विभिन्न समयकालमा देखिएका वर्गीय द्वन्द्वहरूको विकास तथा नेपालको वर्तमान राजनीतिक परिदृश्यमा यसको प्रभाव अध्ययन गरेको छ। वर्ग सङ्घर्षको परम्परागत मार्क्सवादी दृष्टिकोणले आर्थिक असमानता र श्रमिक वर्गको अधिकारलाई जोड दिन्छ तरआजको समयमा नवउदारवाद, विश्वव्यापीकरण र जातीयताका आधारमा नयाँ प्रकारका सङ्घर्षहरू पनि जन्मेका छन्।यस्ता सङ्घर्षहरूले नेपालजस्तो विविधतापूर्ण समाजमा परम्परागत वर्ग सङ्घर्षका धारणाहरूलाई थप चुनौती दिएका छन्। वर्ग सङ्घर्षको नयाँ स्वरूपलाई यस अध्ययनमा वर्तमान सामाजिक, राजनीतिक तथा आर्थिक परिवेशलाई विश्लेषण गरिएको छ।

समाजको परिवर्तनसँगै वर्ग सङ्घर्षको परिभाषा र स्वरूपमा पनि व्यापक परिवर्तन आएको छ। परम्परागत मार्क्सवादी दृष्टिकोणमा, वर्ग सङ्घर्षले केवल आर्थिक असमानतामा आधारित द्वन्द्वलाई केन्द्रित गऱ्यो। जसमा श्रमिक वर्ग र पूजीपति वर्गका बीचको भेदभावलाई प्रमुख स्थान दिइएको थियो। तर आजको समाजमा विशेष गरेर नेपाल जस्तो बहुजातीय, बहुसांस्कृतिक र आधुनिकरणको प्रभावमा रहेका देशहरूमा वर्ग सङ्घर्षका नयाँ स्वरूप विकसित भइरहेका छन्। यी नयाँ सङ्घर्षहरू केवल आर्थिक वर्गीय असमानता वा श्रमिक शोषणसम्म मात्र सीमित छैनन्, यी

सङ्घर्षहरू विविध रुपमा जातीयता, लैंगिकता, सांस्कृतिक प्रभुत्व, नवउदारवाद र विश्वव्यापीकरण जस्ता धेरै सामाजिक र राजनीतिक आयामहरूमा आधारित छन्।नेपालको राजनीतिक इतिहासलाई वर्गसङ्घर्षको दृष्टिकोणबाट विश्लेषण गर्दा सामाजिक,आर्थिक तथा राजनीतिक रूपान्तरणहरू मुख्यतः शोषित वर्गको सङ्घर्षद्वारा संचालित भएको देखिन्छ।नेपालमा वर्गसङ्घर्षको स्वरूप परम्परागत सामन्तवाददेखि नवउदारवादसम्म परिवर्तन हुँदै आएको छ, जसमा जातीय, लैंगिक, क्षेत्रीय तथा सांस्कृतिक कारकहरू समेत निर्णायक बनेका छन् (हारवे, २००५) ।

राजनीतिक समाजशास्त्रका विद्वानहरूका अनुसार कुनैपनि समाजमा शक्ति, सम्पत्ति र स्रोतसाधनको वितरण वर्गीय संरचनाबाट निर्देशित हुन्छ (मार्क्स र एंग्रेल्स, १८४८)। नेपालमा पनि वर्गीय असमानता ऐतिहासिक रूपमा व्याप्त रहेको छ, जसको कारणले राज्यसत्ता एक विशेष वर्गको नियन्त्रणमा रहने प्रवृत्ति देखिन्छ। नेपालको राजनीति लामो समयदेखि वर्गीय द्वन्द्वद्वारा निर्देशित हुँदै आएको छ। राणा शासन (१८४६-१९५१) को अधिनायकवादी संरचनाबाट लोकतान्त्रिक आन्दोलनहरूसम्म, श्रमिक, किसान तथा श्रेणीगत अन्य समूहहरूले निरन्तर सशक्त सङ्घर्ष गर्दै आएका छन्। २००६ को जनआन्दोलन र माओवादी सशस्त्र सङ्घर्ष (१९९६-२००६) वर्गीय अन्यायको विरुद्ध विद्रोहका उत्कर्षबिन्दु थिए तथापि संघीय लोकतान्त्रिक संरचनाले वर्गीय राजनीतिलाई पछाडि धकेल्दै जातीय, पहिचान-आधारित तथा क्षेत्रीय राजनीतिलाई प्राथमिकतामा राखेको देखिन्छ। यस्तो परिप्रेक्ष्यमा नेपालमा वर्ग सङ्घर्षको समकालीन महत्व के छ? के वर्गीय राजनीति पुनः सशक्त हुन सक्छ? यो अध्ययन यिनै प्रश्नहरूको उत्तर खोज्ने प्रयास गर्छ। नेपालमा पनि वर्गीय असमानता ऐतिहासिक रूपमा व्याप्त रहेको छ, जसको कारणले राज्यसत्ता एक विशेष वर्गको नियन्त्रणमा रहने प्रवृत्ति देखिन्छ। २००६ मा गणतन्त्र स्थापनासँगै राजनीतिक संरचनामा आमूल परिवर्तन आएतापनि वर्गीय विभाजनका समस्याहरू पूर्ण रूपमा समाधान भएका छैनन्। पछिल्लो समय पहिचान-आधारित राजनीति तथा क्षेत्रीय मागहरू प्राथमिकतामा रहेकाले वर्गीय सङ्घर्षको प्रभाव तुलनात्मक रूपमा कमजोर देखिन्छ। यस्तो अवस्थामावर्ग सङ्घर्षको ऐतिहासिक योगदान, समकालीन प्रभावतथा भविष्यको सम्भावनाबारे गहिरो विश्लेषण गर्नु आवश्यक देखिन्छ।

नेपालमा वर्ग सङ्घर्षको ऐतिहासिक विकासक्रमको अध्ययन, वर्ग सङ्घर्षले संविधान निर्माण, राजनीतिक प्रणाली तथा दलगत राजनीतिमा पारेको प्रभावको मूल्यांकन, समकालीन नेपालमा वर्गीय मुद्दाहरूको राजनीतिक, सामाजिक तथा आर्थिक प्रभावको विश्लेषण, वर्गीय प्रतिनिधित्व तथा श्रमिक अधिकार सुनिश्चित गर्नका लागि आवश्यक नीतिगत सुधारहरूको पहिचान जस्ता विषयमा अध्ययन गर्नु यस आलेखको उदेश्य हो। साथै नेपालमा वर्ग सङ्घर्षले प्रमुख राजनीतिक

परिवर्तनहरूलाई कसरी प्रभावित गर्यो?समकालीन राजनीतिक दलहरू वर्गीय मुद्दाहरूलाई कसरी सम्बोधन गर्दै आएका छन्? संघीय लोकतान्त्रिक संरचनामा वर्ग सङ्घर्षको पुनरुत्थान सम्भव छ कि छैन ? जस्ता कुरा अनुसन्धान गर्नेछ ।नेपालको राजनीतिक रूपान्तरणलाई वर्ग सङ्घर्ष विना विश्लेषण गर्न असम्भव छ। तथापि पछिल्लो समय वर्गीय राजनीति गौणबन्दै गएको देखिन्छ। यो अध्ययनले वर्ग सङ्घर्षको समकालीन सान्दर्भिकता तथा नीतिगत पुनर्संरचनाको आवश्यकताबारे विमर्श गर्दै राजनीतिक दलहरू,नीति निर्मातातथा अनुसन्धानकर्ताहरूका लागि नवीन दृष्टिकोण प्रस्तुत गर्नेछ ।

## अनुसन्धान विधि

यो अध्ययन विश्लेषणात्मक ढाँचा र गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ । यसमा द्वितीय स्रोतहरूको समीक्षा तथा  विश्लेषण गरिएको छ । नेपालमा वर्गसङ्घर्षको विकास पत्ता लगाउन ऐतिहासिक दस्तावेज, राजनीतिक घोषणापत्र र नीतिगत दस्तावेजहरूको प्रयोग गर्दछ।

## सैंद्धान्तिक समीक्षा

मार्क्सवादी सिद्धान्तअनुसार वर्गसङ्घर्ष समाजको उत्पत्तिदेखि नै एक अनिवार्य प्रक्रिया हो । ( मार्क्स र एंग्रेल्स, १८४८) कार्ल मार्क्सका अनुसार समाजमा वर्गहरू हुन्छन् ती वर्गीय अन्तरविरोधहरू हुन्छन् वर्गीय शोषणहरू हुन्छन् यसर्थ वर्ग सङ्घर्ष अनिवार्य हुन्छ । यसैले मार्क्सवाद वर्गीय अन्तरविरोध हल गर्ने विज्ञान पनि हो । यसैका आधारमा संसारभर जबर्जस्त वर्ग सङ्घर्षहरू चर्काइए । सन् १८७१ मार्च १८ को पेरिस विद्रोह यसको पहिलो अभ्यास थियो । मार्क्सले आर्थिक संरचनालाई (भअयलयकष्अ कतचगअतगचभ) समाजको प्रमुख निर्धारक मानेका छन् । (मार्क्स, १८६७/१९९२), तर वेबर (१९९२/१९७८) का अनुसार समाज केवल आर्थिक वर्गमा सीमित छैन । हैसियत समूह (status groups) र राजनीतिक शक्ति (party groups) पनि महत्वपूर्ण हुन्छन्, वर्ग विभाजन केवल उत्पादनका साधनहरूमा स्वामित्वका आधारमा हुँदैन बरु बजारमा अवसरहरूमा आधारित हुन्छ ।

मार्क्सवादी द्वैध वर्ग संरचनाको (bourgeoisie vs proletariat) आलोचना गर्दै वेबरले तीनवटा प्रमुख सामाजिक विभाजनको प्रस्ताव गरे (वेबर ,१९९२/१९७८) ले वर्ग (Class)बजारमा आधारित आर्थिक अवसर, हैसियत समूह (Status Groups)सामाजिक प्रतिष्ठा, जाति, धर्म र संस्कृतिमा आधारित विभाजन, शक्ति समूह (Party Groups) राजनीतिक दल, सत्ता संरचना र कानुनी प्रणालीमा आधारित विभाजनको तर्क गरेका छन् । कहिले सामान्य मागको रूपमा, कहिले असन्तोष त कहिले प्रत्यक्ष-अप्रत्यक्ष सानातिना विद्रोह, हडताल र कहिले खुल्ला विद्रोहको रूपमा

गर्दछ तर सत्ताधारी वर्ग, जसको खटनपटनमा राज्यसत्ता चल्छ । सधैं आधारभूत उत्पादनका साधन स्रोतहरूमाथि आफ्नो निर्विघ्न स्वामित्व कायम राख्न नियम, कानून, विधि विधान, न्यायिक संरचना, धार्मिक र वैचारिक हतियारसहित यसको प्रतिरोधमा उभिन्छ । यसै बिन्दुबाट खुल्ला वर्गसङ्घर्षले जन्म लिन्छ । बाबुराम भट्टराई (२०५३) का अनुसार 'नेपाललाई अर्ध-सामन्ती र अर्ध-साम्राज्यवादी मुलुकका रूपमा चित्रण गर्दै वर्ग सङ्घर्षलाई अनिवार्य परिणति भएको' । श्रमिक वर्ग र शासक वर्ग परस्पर दुईवटा शत्रुतापूर्ण विरोधी खेमामा उभिन्छ । वर्गसङ्घर्ष कहिले तुमुल विद्रोह त कहिले वर्गसङ्घर्षका अन्य विविध रूपमा चलिरहन्छ । मानव इतिहासले यस्तो वर्गसङ्घर्षको अनेकौं रूप देखेको छ । दास युगीन कालखण्डमा ती देशहरूमा जहाँ दास व्यवस्था चरम अमानवीय रूपमा थियो र दासहरूलाई 'बोल्ने जनावर'को रूपमा हेरिन्थ्यो । पाण्डे (२०१८) का अनुसार 'नेपालमा जातीय असमानता केवल एक आर्थिक मुद्दा मात्र नभई राजनीतिक र सांस्कृतिक मुद्दा पनि बनिसकेको छ ।' वर्गसङ्घर्ष हजारौंहजार दासहरूको खुल्ला विद्रोहको रूपमा अगाडि आयो भने सामन्ती युगमा सामन्ती शोषणविरुद्ध किसानहरूका सघन युद्धहरूको रूपमा देखापर्यो ।

मिश्र (२००१) का अनुसार नेपालमा वर्गसङ्घर्ष केवल आर्थिक संरचनामा सीमित छैन, राज्यसत्ता स्वयं बहुस्तरीय सामाजिक शक्तिहरूद्वारा संचालित हुन्छ । समाज विज्ञानको अकाट्य नियम, वर्गसङ्घर्ष, बल प्रयोगद्वारा वर्गीय शासनको परिवर्तन, सर्वहारा वर्गको अधिनायकत्व, निरन्तर क्रान्ति जस्ता विषय मानिसको इच्छाभन्दा बाहिर स्वतन्त्र वस्तुगत रुपमा नियमबद्ध हुन्छन् । वर्गको उत्पत्ति भएदेखि वर्गसङ्घर्ष चलिरहेको छ र एक वर्गले अर्को वर्गमाथि अधिनायकत्व लगाउँदै आइरहेको छ । मार्क्सले वर्गसङ्घर्षको आविष्कार आफूले गरेको नभई इतिहासको भौतिकवादी अध्ययन, वर्गको उत्पत्ति भएदेखि गरिएका वर्गसङ्घर्षको व्यवस्थित रुपमा 'मैले उजागार गरेको' भनेर उल्लेख गर्नुभएको छ । त्यसकै जगमा टेकेर लेनिनले भनेका छन्, 'जसले वर्ग सङ्घर्ष मात्र मान्दछ, ऊ कम्युनिस्ट हुन सक्तैन र जसले वर्ग सङ्घर्षलाई सर्वहारा अधिनायकत्वसम्म पुर्याउँदैन ऊ कम्युनिस्ट हुनै सक्तैन ।'

दलाल, नोकरशाह र सामन्त वर्ग मिलेर बनेको प्रतिक्रियावादी राज्य सत्ता नभत्काइकन, जनवादी क्रान्ति सम्पन्न नगरी वैज्ञानिक समाजवादी क्रान्ति गर्ने काल्पनिक सपना देखाएर मानिसहरुलाई भुलभुलैयामा फसाएको देख्दा सिद्धान्त नामको कुन चरो हो थाहा नहुने अवस्थामा पुग्न थालिएको छ । समय बदलिएको छ, हिजोको जस्तो समाज आज छैन । त्यसैले हिजोको जस्तो मार्क्सवाद आज काम छैन, नयाँ ढंगको कम्युनिस्ट पार्टी बनाउनु पर्छ । वर्ग-सङ्घर्षबाट अगाडि

बढाउँदै समाजलाई गतिशील ,उद्देलित बनाउनु र समाजलाई प्रगतिशील दिशातर्फ चलायमान गराउनु नै आजको वर्ग-सङ्घर्षको कार्यभार हो ।

**मार्क्सवादी संरचना वर्ग सङ्घर्ष सिद्धान्त**

यस वर्ग सङ्घर्षको सिद्धान्तलाई संरचनागत शक्ति सम्बन्ध उत्पादनका साधनहरूमा नियन्त्रण गर्नेहरू र श्रमिक वर्ग बीचको सङ्घर्ष  पनि हो । आर्थिक उत्पादन प्रणाली, सामाजिक संरचना र राज्यसत्ताको भूमिकाबाट व्याख्या गर्न सकिन्छ । नेपालमा वर्ग सङ्घर्ष सामन्तवाद, पुँजीवाद, नवउदारवाद र राज्यसंस्थाको भूमिका र श्रमिक आन्दोलनहरूसँगै निरन्तर विकसित भइरहेको छ । कार्ल मार्क्स (Karl Marx) ले समाजलाई आर्थिक आधार (Base) र उपरिसंरचना ( Superstructure) मा विभाजन गरेका थिए । आर्थिक आधार-उत्पादनका साधन (Means of Production) को स्वामित्व वर्गीय सम्बन्धको आधार हो ।

उपरिसंरचना - राज्य, राजनीति, कानुनी संरचना, संस्कृति, धर्म र शिक्षा वर्गीय नियन्त्रणमा रहन्छ । जसले नेपालमा सामन्तवाद, नवउदारवाद र पुँजीवादले वर्ग सङ्घर्षको स्वरूपलाई प्रभाव पारेको छ। वर्गीय सम्बन्ध र उत्पादन सम्बन्ध (Class Relations and Mode of Production) मार्क्सका अनुसार वर्ग सङ्घर्षको मूल कारण उत्पादन सम्बन्ध (Relations of Production) मा रहेको असमानता हो । नेपालको परिप्रेक्ष्यमा उत्पादन सम्बन्ध निम्नानुसार विकसित भएको छ :

सामन्तवादी व्यवस्था- किसान श्रमजीवी वर्गको शोषणको आधारमा  ।

पुँजीवादी उदय-औद्योगिक श्रमिक र निम्न वर्गको शोषणको आधारमा ।

नवउदारवादी अर्थतन्त्र - निजीकरण र बजार-केन्द्रित अर्थतन्त्रद्वारा श्रम शक्तिको नियन्त्रणको आधारमा ।

**राज्यको भूमिका (Role of the State) र विचारधारात्मक नियन्त्रण (Ideological Control)**

मार्क्सवादी संरचनावादका प्रमुख सिद्धान्तकार लुई अल्थुसर (Louis Althusser) ले राज्यलाई Repressive State Apparatus -RSA / Ideological State Apparatus-ISA मा विभाजन गरेका छन् । RSA (दमनकारी राज्य संयन्त्र) - सेना, प्रहरी, अदालत, कारागार र कानुनी संरचना भने ISA ( विचारधारात्मक राज्य संयन्त्र) - शिक्षा, धर्म, संचार माध्यम, संस्कृति । (अल्थुसर, १९७१) नेपालमा राज्यको संरचना संवैधानिक रूपमा समाजवाद उन्मुख भएतापनि नवउदारवादी नीति तथा राजनीतिक शक्ति सम्बन्धले वर्ग विभाजनलाई निरन्तरता दिएको छ ।

**नव-मार्क्सवादी संरचनावाद**

केवल आर्थिक सङ्घर्ष मात्र नभई राजनीतिक तथा सांस्कृतिक प्रभुत्ववाद वर्ग सङ्घर्षको मूल कारक नै यो नव-मार्क्सवादी संरचनावादको सैद्धान्तिक आधार मानिन्छ। हन्टिङ्टन ,१९९१( Huntington, 1991) का अनुसार वर्ग सङ्घर्ष सधैं लोकतान्त्रिक संक्रमणको प्रमुख चालक रहन्छ। नेपालमा कम्युनिस्ट राजनीतिक दलहरू, संघीयता तथा विकास परियोजनाहरूमार्फत् वर्गीय सत्ता नियन्त्रण गर्ने र समाजवादको दिशामा जाने तर्कहरु छन्।

**नवसंस्थागतवाद र वर्ग सङ्घर्ष**

नेपालको राजनीतिक दलहरूले वर्ग सङ्घर्षलाई कसरी निर्देशित गर्छन् ? वर्ग सङ्घर्ष केवल समाजशास्त्रीय र आर्थिक अवस्थामा सीमित नरही, संस्थागतहरु, नीति निर्माण प्रक्रियाहरु र राज्यसत्ताको सञ्चालनको ढाँचाहरु, राज्यका राजनीतिक संस्थाहरु, कानुनी संरचनाहरु, नीति निर्माण र शासन प्रणालीसँग अन्तरसम्बन्धित रुपमा रहेको हुन्छ। नेपालमा संविधान, कानुनी संरचना तथा संघीय राज्य संयन्त्रको प्रभाव रुपमा लिन सकिन्छ । मार्क्सका अनुसार वर्ग सङ्घर्ष सामाजिक रूपान्तरणको प्रमुख शक्ति हो। नेपालको समाजमा सामन्ती संरचनाबाट उत्पन्न असमानताले यसलाई प्रमाणित गर्दछ भने ग्राम्सी ,१९७१ अनुसार नेपालमा शासक वर्गले सांस्कृतिक प्रभुत्वको माध्यमबाट आफ्नो शक्ति दिगो राखेको छ। नेपालमा यदी समावेशी संस्थागत रुपमा सुधारहरु लागू भएनन् भने वर्ग सङ्घर्षको नयाँ रुपमा हुने उच्च संभावना छ।

आप्रवासन र श्रमिक सङ्घर्ष विदेशी रोजगारीले वर्ग सङ्घर्षलाई अन्तर्राष्ट्रियकरण गरिदिएको छ, जसले नेपालमा श्रमिक वर्गको सामाजिक-आर्थिक अवस्थालाई पुनःपरिभाषित गरिरहेको छ। नेपालको संविधान २०७२ ले वर्गीय विभाजनलाई सम्बोधन गर्न समानता र सामाजिक न्यायलाई प्राथमिकतामा राखेको छ। अमर्त्य सेन ,१९९९ का अनुसार समानताको लागि क्षमताको सिद्धान्त जसले नेपालका लागि गहिरो सन्दर्भको रुपमा लिन सकिन्छ।

कार्ल मार्क्सको वर्ग सङ्घर्ष सिद्धान्तले वर्ग सङ्घर्षलाई समाज परिवर्तनको प्रमुख स्रोतका रूपमा व्याख्या गरेका छन्। उनका अनुसार इतिहास वर्गीय विभाजन र त्यसबाट उत्पन्न हुने सङ्घर्षले अघि बढ्छ। नेपालमा सामन्ती संरचना र भूमिसम्बन्धी शोषणले मार्क्सवादी सिद्धान्तलाई पुष्टि गर्ने धेरै घटना देखा परेका छन्। वर्ग सङ्घर्षलाई समाजको ऐतिहासिक विकासको प्रमुख कारक मान्दै शासक वर्ग र श्रमिक वर्गबीचको द्वन्द्वलाई व्याख्या गरेका छन्। नेपालमा सामन्तीय शोषण, भूमिसम्बन्धी असमानता र मजदुर वर्गको सङ्घर्षको आधारमा प्रस्ट देखिन्छ।

ग्राम्सीको प्रभुत्ववादी सिद्धान्तले वर्ग सङ्घर्षलाई सांस्कृतिक र वैचारिक नियन्त्रणले राज्य सत्तामा गहिरो प्रभाव पार्ने कुरा व्याख्या गरेका छन्। नेपालको सन्दर्भमा राजनीतिक सत्ता

प्रभुत्ववादी कायम गर्न शासक वर्गले श्रमिक वर्गलाई विभाजित र शोषित राख्ने रणनीति अपनाएको देखिन्छ । ग्राम्सीले शासक वर्गको सांस्कृतिक प्रभुत्ववादमार्फत उत्पीडित वर्गलाई नियन्त्रणमा राख्ने प्रक्रियालाई विश्लेषण गरेका छन् । नेपालको राजनीतिक व्यवस्थामा शासक वर्गले आफ्ना स्वार्थहरूलाई दिगो बनाउन वर्गीय चेतनालाई कमजोर पारेको देखिन्छ । (ग्राम्सी ,१९७१)

अमर्त्य सेनको समानता सिद्धान्तनेपालको  वर्ग सङ्घर्षको सन्दर्भमा अमर्त्य सेनले विकास र समानतालाई आधारभूत अधिकारका रूपमा लिन सकिन्छ । वर्गीय असमानताले समान पहुँच र समावेशी विकासमा चुनौती खडा गरेको छ ।

**वर्गसङ्घर्षको पृष्ठभूमि**

वर्गसङ्घर्षको सिद्धान्त कार्ल मार्क्सले प्रतिपादन गरेको भएपनि विभिन्न सन्दर्भमा यसको विविधरुपमा व्याख्या गरेको पाइन्छ । नेपालमा वर्गसङ्घर्षको सन्दर्भमा मार्क्सवाद, नवमार्क्सवाद तथा समसामयिक समाजशास्त्रीय सिद्धान्तहरूको आधारमा यसलाई मूल्यांकन गर्न सकिन्छ । नेपालका लागि वर्गसङ्घर्ष केवल आर्थिक परिधिमा सीमित नभई जातीय, सांस्कृतिक र राजनीतिक आयामहरूसँग पनि गाँसिएको छ ।

**नेपालमा वर्गसङ्घर्षको इतिहास**

नेपालमा वर्गसङ्घर्षको ऐतिहासिक परिप्रेक्ष्यलाई निम्न चरणहरूमा विभाजन गर्न सकिन्छ :

| क.सं. | कालखण्ड | वर्ग सङ्घर्षको स्वरूप | प्रमुख घटना |
|---|---|---|---|
| १) | राणा शासन (१८४६-१९५१) | सामन्तवाद विरोधी आन्दोलन | किसान विद्रोह |
| २) | पञ्चायती शासन (१९६०-१९९०) | भूमिगत वाम आन्दोलन | नेपाल कम्युनिस्ट पार्टीको उदय |
| ३) | बहुदलीय लोकतन्त्र (१९९०-२००६) | खुला प्रतिस्पर्धा तर वर्ग विभाजन यथावत् | माओवादी जनयुद्ध |
| ४) | संघीय लोकतन्त्र (२००६-२०१४) | पहिचान-आधारित राजनीति हावी | वर्गीय मुद्दा कमजोर |

वर्ग सङ्घर्षको धारणा कार्लमार्क्सले प्रस्तुत गरेको भएपनि यसले विभिन्न देशका समाज र राजनीतिमा भिन्न प्रकारको रुप लिएको छ । नेपालमा वर्ग सङ्घर्षको मुख्य रुपमा भूमि

सुधार,जातीय विभेद,लैङ्गिक अससानतार श्रमिक आन्दोलनहरुसंग सम्बन्धित छ ।सामन्ती राजतन्त्रकालदेखि आजको संघिय लोकतान्त्रिक गणतन्त्र व्यवस्थासम्मको नेपालको राजनीतिक यात्रा गहिरो वर्गसङ्घर्षले परिचत नाम हो । वर्ग सङ्घर्षहरुले नेपालको राजनीतिक विचारधारा,जनपरिचालन र व्यवस्थाको प्रणालीगत रुपमा सुधारहरुलाई आकार दिएका छन् । राणाको कुलिनवर्गको पतन २००७ साल, २०४६ सालको जनविद्रोह र माओवादीले २०५२ सालदेखि सुरु गरेको १० वर्षको वर्ग सङ्घर्ष, नेकपाले २०७१ देखि २०८१ सम्म विभिन्न रुपमा गरिरहेको सङ्घर्षले वर्गीय गतिशीलताले नेपालको लोकतन्त्रको मार्गलाई प्रभाव पारेको छ । वर्गसङ्घर्षलाई मुख्यतः आर्थिक कारकहरूसँग जोड्छतर नेपालमा जातीयता, लैंगिकता, सांस्कृतिक प्रभुत्व तथा नवउदारवादले वर्ग सङ्घर्षको स्वरूपलाई जटिल बनाएका छन् (भटराई ,२०१८ ) ।

**अनुभवजन्य तथा पूर्वकार्यको समीक्षा**

नेपालको राजनीतिमा वर्ग सङ्घर्षको प्रभाव विभिन्न ऐतिहासिक घटनाहरूमा देख्न सकिन्छ । १९९० को जनआन्दोलन, २००६ को शान्ति प्रक्रियार २००८ मा राजतन्त्रको अन्त्य जस्ता महत्वपूर्ण राजनीतिक परिवर्तनहरूमा वर्ग सङ्घर्षको प्रभाव स्पष्ट देखिन्छ । यी घटनाहरूले नेपालको राजनीतिक परिदृश्यलाई आकार दिनमा वर्ग सङ्घर्षको महत्वपूर्ण भूमिका रहेको देखाउँछ । वर्ग असमानताका सामाजिक-आर्थिक सूचकहरू रुपमा हेर्दा नेपालको सन्दर्भ शीर्ष १०% घरपरिवारले कुल सम्पत्तिको ३२% नियन्त्रण गर्छन्, जबकि तल्लो ४०%ले १०% भन्दा कम हिस्सा ओगटेका छन् (विश्व बैंक,२०२०)।

मिश्र (२००१)ले भनेका छन् कि नेपालको जातीय सङ्घर्षले वर्ग सङ्घर्षको आयामलाई नयाँ रूप दिएको छ, जसले सांस्कृतिक र जातीय प्रभुत्वका कारण आर्थिक असमानतालाई स्पष्ट गरेको छ । तर शर्मिला (२०१५)अनुसार कि लैंगिक समानताका लागि हुने सङ्घर्ष केवल श्रमिक सङ्घर्ष र आर्थिक वर्गीय सङ्घर्षसम्म सीमित छैन, यसले सामाजिक र राजनीतिक अधिकारका लागि पनि सङ्घर्षलाई जन्म दिएको छ ।

नेपालको राजनीतिमा वर्ग सङ्घर्षको भूमिकाबारे विद्यमान साहित्यले यसको जटिलता र बहुआयामिक प्रकृतिलाई प्रकाश पार्दछ । विभिन्न विद्वानहरूले नेपालको राजनीतिक इतिहासमा वर्ग सङ्घर्षको केन्द्रीयतालाई जोड दिएका छन्। हमाल (२०१५)ले नेपालको राजनीतिक परिवर्तनमा वर्ग सङ्घर्षको महत्वपूर्ण भूमिकाको विश्लेषण गरेका छन्।

नेपालको राजनीतिक प्रतिनिधित्वमा दलित र जातीय अल्पसंख्यक लगायत ऐतिहासिक रूपमा सीमान्तकृत समूहहरूले माओवादीको जनयुद्धपछि सन् २००६ पछि राजनीतिक प्रतिनिधित्व

प्राप्त गरेका छन् । यद्यपि निर्णय प्रक्रियामा उनीहरूको प्रभाव सीमित रहन्छ ।माओवादी जनयुद्ध (विद्रोह)का कारण परिणामहरूनेपाल कम्युनिस्ट पार्टी माओवादीको नेतृत्वमा १० वर्षको जनयुद्ध(विद्रोह)ले वर्गीय मुद्दाहरूलाई राजनीतिक बहसको अग्रभागमा ल्याउन सफल भयो,जसको परिणामस्वरूप प्रगतिशील संवैधानिक प्रावधानहरू,नागरिकको स्वतन्त्रता सम्बन्धीत अधिकारहरु,समानता र समावेशी जस्ता पक्षमा अधिकार जनताको हितमा छ । तरविशेषगरी मूल वर्गीय समानता, आर्थिक, सामाजिक मुद्धाहरु, भूमिसुधार र सामाजिक सुरक्षामा कार्यान्वयनको खाडल कायमै छ ।

२००७ सालको क्रान्तिसामन्तीय राणा शासनको अन्त्यको र दलहरुको सहभागितामा शासन प्रणालीको रुपमा सुरुवात भएको थियो । २०१७ सालमा तत्कालिन राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरेपछि २०३६ मा जनमत संग्रह र २०४६ को जनआन्दोलनबाट प्राप्त उपलब्धिले समेत देश र जनताको समस्या सम्बोधन गर्न नसकेपछि माओवादी जनयुद्ध (२०५२-२०६२)वर्ग सङ्घर्षलाई उच्च रुपमा संस्थागत गराउने आन्दोलन र प्रयोगमा ल्याइएको थियो । १० वर्षसम्म आन्दोलनमा रहेको माओवादी र तत्कालिन दलहरुको संयुक्त प्रयासबाट नेपालमा गणतन्त्रको स्थापना भएतापनि जनताको स्तरमा खासै सुधार नआएकोले त्यसलाई सम्बोधन गर्न नेपाल कम्युनिस्ट पार्टी (२०७१ -२०८१)माओवादी जनयुद्धको वर्ग सङ्घर्षकै निरन्तरता र मध्यम वर्गसहितको एकीकृत जनक्रान्ति रुपमा चलिरहेको छ ।उप्रेती (२०१८) ले नेपालको लोकतान्त्रिक संक्रमणमा वर्ग सङ्घर्षको प्रभावको अध्ययन गरेका छन् ।राजनीतिक प्रतिनिधित्वको वर्तमान सन्दर्भमा वर्ग सङ्घर्षको परिणामस्वरूप संघीय संरचनामा ग्रामीण र उत्पीडित वर्गकोसहभागिता बढेको छ । निर्णय प्रक्रियामा भने उनीहरूको प्रभाव अझै सीमित रुपमा मात्र छ ।

माओवादी जनयुद्धको प्रभावलेश्रमिक,जनजाती वर्गको प्रतिनिधित्वमावृद्धि भएको छ भनेग्रामीण समुदायको राजनीतिक जागरण,जनताको चेतना जगाउन मद्धत गरेको छ तरपनि जनयुद्धपछि आर्थिक असमानतामा अपेक्षित सुधार नआउनु,विकासको गतिविधिमा तिब्रता आउन सकेको छैन ।नेपाल कम्युनिस्ट पार्टीको एकीकृत जनक्रान्तिलेश्रमिक र मध्यम वर्गसहितको सहभागितामा जनपरिचालन,राष्ट्रियता, भ्रष्ट्राचार र जनजीविकाको सवालसहितको वर्ग सङ्घर्ष चलिरहेको छ तर निष्र्कषमा पुगेको छैन ।

नेपालमा वि.सं. २००६ सालदेखिनै नेपाली कम्युनिष्टहरूले यही विश्वासमा राजनीति गरिरहेका छन् । मार्क्सले सम्पूर्ण सही भने त ? समाजमा वर्गहरूमात्र छैनन् जातहरू पनि छन् जातहरू मात्र छैन, क्षेत्रीय,वर्गीय विभेदहरू तथा असमानता पनि छन् समाजमा स्वतन्त्रताको

आकांक्षा पनि छ ।गोविन्द (२०१९) ले उल्लेख गरेका छन् 'नेपालमा महिलाहरूको समानता र अधिकारका लागि हुने सङ्घर्षले वर्गीय विभाजनलाई नयाँ दृष्टिकोणमा प्रस्तुत गरेको छ । फरकफरक क्षमताहरू पनि छन् मान्छेका असीमित आकांक्षाहरू पनि छन् समाजमा वर्ग, वर्ग सङ्घर्ष र वर्गीय अन्तरविरोधहरू बाहेक अन्यलाई देख्न नसक्नु मार्क्सको सीमा थियो । समाजमा जाति, भाषा, क्षेत्र र लिंगसँग सम्बन्धित अन्तरविरोधहरू पनि महत्वपूर्ण हुने रहेछन् समाजको शक्ति सम्बन्ध वर्गीयमात्र हुँदैन । हरेक व्यक्ति र व्यक्तिका प्रवृत्तिहरू फरक हुन्छन् समाजमा विभिन्न आयाम र अन्तरविरोधहरू हुन्छन् सबैखाले अन्तरविरोधहरूलाई नदेख्नु र त्यसको समाधान नदिनु मार्क्सवादको पनि सीमा हो । मार्क्सवाद वर्गीय अन्तरविरोधहरूको समाधान हुनासाथ अरु सबै विषयको समाधान हुन्छ भन्ने ठान्छ तर विश्व राजनीतिक अनुभवहरूले यो मान्यतालाई आजसम्म कहि पुष्टि गरेको देखिएन , अर्थराजनीतिमा वर्गमात्र देख्नु मार्क्सको कमजोरी थियो । यसैगरी उदारवादी चिन्तक जोहन लकले निजी सम्पत्तिको सुरक्षामात्र देखे । उनले त्यस भित्रको क्रूरता देख्न सकेनन् यो उनको कमजोरी थियो । यही प्रवृत्ति नेपाली राजनीतिमा पनि देख्न सकिन्छ । कम्युनिष्ट घोषणा पत्रको 'मानव समाजको आजसम्मको लिखित इतिहास वर्गसङ्घर्षको इतिहास हो ।' सार प्रस्तुत गरेको छ तर यस 'वर्गसङ्घर्ष' शब्दलाई बुझ्ने कसरी ? वर्गसङ्घर्षलाई सडकको सङ्घर्ष, लडाइ वा छापामार युद्धको रूपमा मात्र बुझ्नु गलत वा सही हो । यी वर्गसङ्घर्षका केही दृश्य रूप मात्र हुन्छन् । वर्गसङ्घर्ष दुई शत्रुतापूर्ण अन्तर्विरोधी वर्गहरूकाबीचको निरन्तर अन्तरसङ्घर्षको वस्तुगत अवस्था हो । यो समय र अवस्था सापेक्ष प्रत्यक्ष वा अप्रत्यक्ष कुनैपनि रूपमा, उपरिदृश्य रूपमा वा भित्र-भित्रैको द्वन्द्व, असहयोग आदि विविध रूपमा चलिरहेको नै हुन्छ ।

**नीति समीक्षा**

नेपालमा विभिन्न समयमा भएको वर्गीय आन्दोलन र सङ्घर्षको उपलब्धीहरु भएका छन् र सरकारले विभिन्न समयमा वर्ग सङ्घर्षसँग सम्बन्धित नीतिहरू अपनाएको छ । संविधान सभाको गठन, समावेशी प्रतिनिधित्वको सिद्धान्तर सामाजिक न्यायको प्रावधान जस्ता नीतिगत पहलहरूले वर्ग सङ्घर्षको प्रभावलाई प्रतिबिम्बित गर्दछन् । यी नीतिहरूको कार्यान्वयन र प्रभावकारिताको मूल्यांकन गर्नु पनि महत्वपूर्ण छ ।

नेपालको २०७२ को संविधानले समानता र सामाजिक न्यायलाई समेटेको छ । धारा १८ ले समानताको हकको ग्यारेन्टी गरेको छ । धारा ४० र ४२ ले सीमान्तकृत समूहका लागि सकारात्मक कार्य प्रदान गर्दछ । श्रम ऐनले श्रमिकको अधिकार सुनिश्चित गर्न र श्रम अवस्था सुधार गर्न खोजेको छ । सामाजिक सुरक्षा कोषले अनौपचारिक क्षेत्रका कामदारहरूलाई लाभ प्रदान

गर्ने लक्ष्य राखेको छ तर परिचालन चुनौतीहरूको सामना गरिरहेको छ । श्रम ऐन २०७४: श्रमिक वर्गको सुरक्षा सामाजिक सुरक्षा योजना: श्रमिक वर्गका लागि आधारभूत सामाजिक सेवाहरू लागु गरेका छन ।२०७८ को श्रम विभागको प्रतिवेदनअनुसार, ४०% भन्दा बढी श्रमिकले न्यूनतम ज्याला पाएका छैनन् ।त्यसै गरी श्रमिक संघहरूद्वारा २०१५ देखि २०२१ सम्म १०० भन्दा बढी आन्दोलनहरू दर्ता गरिएका छन् ।

**समकालीन प्रवृत्ति-नेपालमा वर्ग सङ्घर्षको नयाँ स्वरूप**

ब्लोर (२०१४) का अनुसार माओवादी जनयुद्धले वर्गीय असमानतालाई सम्बोधन गर्ने मुख्य राजनीतिक आन्दोलनको रूपमा काम गऱ्यो । माओवादी जनयुद्धले वर्गीय समानता र सामाजिक न्यायका लागि सङ्घर्षको राजनीतिकरण गर्यो । यो सङ्घर्ष नेपालमा वर्गीय चेतनाको उचाइमा पुऱ्याउने प्रमुख आन्दोलन बनेको थियो ।

नेपालमा नवउदारवाद र आर्थिक असमानता (Neoliberalism and Economic Inequality) ले गर्दा निजीकरण र बजारकेन्द्रित नीतिहरूले वर्गीय अन्तर बढाएको छ जसले गर्दा शिक्षा, स्वास्थ्य, र रोजगारीमा पहुँच वर्गीय संरचनामा आधारित बनेको छ । पहिचान र वर्ग सङ्घर्ष (Identity and Class Struggle)ले मधेश आन्दोलन, जनजातीय आन्दोलन, महिला आन्दोलन,थारु आन्दोलन वर्ग सङ्घर्षसँग जोडिएका छन्।पहिचानमूलक राजनीति (Identity Politics) ले वर्ग सङ्घर्षको नयाँ स्वरूप सिर्जना गरेको छ । प्रवासी श्रमिक र वर्ग सङ्घर्ष (Migrant Workers and Class Conflict) वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या बढेको छ भने राज्यको नवउदारवादी नीतिका कारण प्रवासी श्रमिक वर्गीय विभाजनको नयाँ स्वरूप बनेका छन् ।

विश्व बैङ्क (२०२०)ले नेपालको कुल सम्पत्तिको ३२% शीर्ष १०% धनी व्यक्तिसँग छ ।ग्रामीण र शहरी क्षेत्रमा आर्थिक विभाजन गहिरो देखिन्छ जसको कारण पनि अझ नयाँ रुपमा वर्ग सङ्घर्ष चलिरहेको छ । संघीय संरचनाको प्रभावले वर्गीय प्रतिनिधित्वलाई बढावा दिएको भएपनि सामाजिक न्यायका क्षेत्रमा अझै चुनौतीहरू छन् ।

**समकालीन दलहरू र वर्गीय मुद्दा**

| क्र.सं. | दलको नाम | वर्गीय मुद्दामा प्राथमिकता |
|---|---|---|
| १) | कांग्रेस | मध्यम,वर्ग समन्वय |
| २) | एमाले | समावेशी नीतिहरुमा ध्यान ,वर्ग समन्वय |
| ३) | ए.माओवादी | पहिला उच्च,अहिले कमजोर ,वर्ग समन्वयमा सक्रमण गर्दै |

**छलफल**

नेपालको राजनीतिमा वर्ग सङ्घर्षको भूमिका बहुआयामिक र जटिल छ। यसले सामाजिक न्याय, समानता र लोकतन्त्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। तर यसले कहिलेकाहीँ राजनीतिक अस्थिरता र सामाजिक तनाव पनि निम्त्याएको छ। वर्ग सङ्घर्षको सकारात्मक पक्षहरूलाई बढावा दिँदै नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्ने चुनौती नेपालको समक्ष छ।

**ऐतिहासिक प्रभाव**: नेपालमा सामन्ती संरचना भत्काउन र राजनीतिक सुधारको प्रवर्द्धनमा वर्गसङ्घर्ष निर्णायक रहेको छ।

**समसामयिक चुनौतिहरू**: बलियो नीति कार्यान्वयनको आवश्यकतालाई उजागर गर्दै प्रगतिशील संवैधानिक प्रावधानहरूको बावजुद आर्थिक,सामाजिक, जातीय असमानताहरू कायम छन्।

**विश्वव्यापी प्रभावहरू** : नेपालको अहिलेसम्म भएका वर्ग सङ्घर्षको अनुभवले वर्गहरु बिचको समानता,दिगो राजनीतिक,सामाजिक र आर्थिक सुधारहरू हासिल गर्न संरचनात्मक असमानताहरूलाई सम्बोधन गर्ने महत्वलाई जोड दिन्छ।

**सामाजिक असमानता**:श्रमिक वर्ग र ग्रामीण समुदायको पहुँचमा सीमित भएको कारण सामाजिक असमानता बढ्दै गएको छ ।

वर्ग सङ्घर्ष परम्परागत रूपमा केवल आर्थिक असमानताको कारण उत्पन्न हुने द्वन्द्वको रूपमा बुझिन्थ्यो । तरसमकालीन समाज र राजनीति सन्दर्भमा वर्ग सङ्घर्षका स्वरूपहरू व्यापक र जटिल भएका छन् । नयाँ युगका सङ्घर्षहरू केवल श्रमिक र पूजीपतिका बीचमा नभई जातीय, लैंगिक, सांस्कृतिक र राजनीतिक असमानता तथा नवउदारवादको प्रभावमा आधारित पनि देखिन्छ । नेपालको राजनीतिक संरचना सधैं वर्ग सङ्घर्षको प्रभावमा रहँदै आएको छ । नेपालमा वर्ग सङ्घर्ष केवल आर्थिक असमानताको विषय नभएर संवैधानिक संरचना, राज्यसत्ता तथा शक्ति सन्तुलनको सङ्घर्ष हो । समकालीन नेपालमा, संघीयताको कार्यान्वयन, नवउदारवादी आर्थिक नीति तथा अन्तर्राष्ट्रिय सम्बन्धहरूले नयाँ प्रकारको वर्गीय ध्रुवीकरण निम्त्याइरहेका छन् ।

निर्वाचनको मैदानमा गरिने प्रतिस्पर्धादेखि विरोध, जुलुस,भोक हडताल, विद्रोह, सडक सङ्घर्ष तथा उत्पादक वर्गमा देखा पर्ने कामप्रतिको विमोह आदि सम्पूर्ण विरोध वर्गसङ्घर्षका रूप हुन् ।वर्गसङ्घर्ष वर्ग विभाजित समाजमा उत्पादक शक्ति र उत्पादन सम्बन्धहरू बीचको अर्न्तद्वन्द्व र तिनका पारस्परिक निषेधात्मक चरित्रको वस्तुगत अपरिहार्य अवस्था हो । उत्पादक शक्तिहरू, विशेष रूपमा श्रमिक वर्ग, जसले सामाजिक उत्पादन गर्छ विभेदकारी उत्पादन सम्बन्धनको प्रतिपक्षमा रहन्छन् । तिनलाई परिवर्तन गर्न निरन्तर सङ्घर्ष गर्छ ।

नवउदारवाद र आर्थिक असमानताले गणतन्त्रपछि नवउदारवादी नीतिहरूको प्रभाव बढ्दै गएको छ, जसले धनी र गरिबबीचको आर्थिक विभाजनलाई गहिरो बनाएको छ। सामाजिक आन्दोलन र पहिचानको राजनीति पहिचानमूलक राजनीति (identity politics) बढेसँगै, वर्ग सङ्घर्ष जातीय र क्षेत्रीय आन्दोलनहरूसँग अन्तर्क्रियामा आउन थालेको छ। नेपालको राजनीतिक इतिहास अस्थिरता, सङ्घर्षर परिवर्तनले भरिएको छ।संविधानको अस्पष्टता, पार्टी स्वार्थ, तथा सत्ता सङ्घर्षकै कारण अस्थिरता कायम छ भइरहेको छ। संघीयता सही तरिकाले कार्यान्वयन नभएसम्म यसको वास्तविक लाभ प्राप्त हुँदैन। वर्ग सङ्घर्ष र समावेशीकरण अझै अपूर्ण छन्, जसले सामाजिक असमानतालाई बल पुऱ्याइरहेको छ भने भू-राजनीतिक रूपमा नेपालले सन्तुलित नीति नअपनाएमा बाह्य प्रभाव झन् बढ्ने सम्भावना छ।राजनीतिक स्थायित्व, समावेशी लोकतन्त्र र आर्थिक आत्मनिर्भरताका लागि राज्यले नीति निर्माणको पुनरावलोकन आवश्यक छ।

**नेपालमा वर्गसङ्घर्षको भावी दिशाहरू**

नेपालको वर्ग सङ्घर्षको सवालमा अब नयाँ वामपन्थी आन्दोलनविचारधारा पुनर्संरचना वा सशस्त्र सङ्घर्ष गर्ने ? कम्युनिस्ट पार्टीहरु बिचमा नयाँ प्रकारको वर्गीय ध्रुवीकरणयो प्रमुख सवाल हो दलहरु वर्गीय मुद्धामा मात्र केन्द्रित हुने हो नयाँ किसिमको विचार संश्लेण गरी वर्गीय आन्दोलनलाई उठाउने भने बहस बनेको छ।यदी नयाँ प्रकारले अहिलेको विज्ञान प्रविधि अनुसार विचार र प्रयोग गर्न सकिएन भने मुद्धामा मात्र केन्द्रित हुने पनि खतरा छ।

२०७२ सालपछि नेपाल संघीय संरचनामा देश गइसकेपछि वर्गीय आन्दोलन र स्थानीय सत्ताको प्रभावले वर्गीय मुद्धा नयाँ प्रकारले उठान गर्ने ठाउँमा पुगेको छ  तर कतिपय विषयहरु पहुँच नभएको सत्ताको उपस्थिति र चेतनाको विकासले गर्दा भावी दिनहरुमा जुन समुदायलाई उत्थान हुनु पर्ने नहुने तर देश संघियताले र स्थानिय सत्ताको कारण संगठित हुन नसक्दा वर्ग संर्घष कमजोर हुने खतरा पनि छ। संघीयता कार्यान्वयनमा जातीय, क्षेत्रीय तथा आर्थिक वर्गीय अन्तरपनि बढिरहेको अवस्थामा वित्तीय असमानताले नयाँ वर्ग सङ्घर्ष सिर्जना पनि हुनसक्ने अवस्था छ।

विश्वमा भइरहेको द्रुतगतिको आर्थिक नवउदारवादको असरले गर्दा नेपाल जस्तो विकाशिल देशहरुमा राजनीतिक,आर्थिक र सामाजिकरुपमा गहिरो प्रभाव पार्ने गर्दछ जसले गर्दा नेपालमा विकास भइरहेको मध्यम वर्ग र  यी वर्गले कत्तिको वर्गीय आन्दोलनमा सहभागिता हुन्छ यस अनुसारनै वर्ग सङ्घर्षले तिव्रता पाउने देखिन्छ किनभने नेपालमा धेरै संख्यामा मध्यम वर्ग विकास भइरहेका छन्। मध्यम वर्गको भविष्यले अथवा यो वर्ग कस्तो रहन्छ भन्नेले नै वर्ग सङ्घर्षको खास

महत्व राख्ने गर्दछ । वैदेशीक रोजगार प्रवृत्तिले नेपालमा वर्गीय संरचना र आन्दोलमा ठूलो मात्रामा परिवर्तन गरिरहेको छ । नवउदारवाद ९ल्भयष्दिभचबष्क्ि०ले पुँजीवादी अर्थव्यवस्था र राज्यको भूमिकालाई नयाँ रूपमा उभ्याइको अवस्था छ । यसका अनुसार राज्यको हस्तक्षेपलाई न्यूनतम गर्दै निजीकरणको प्रक्रिया अघि बढाइएको छ । जसले श्रमिक वर्गका लागि नयाँ चुनौतीहरू सिर्जना गरेको छ ।नवउदारवादले श्रमिक वर्ग र केहि समुदायमा नयाँ वर्गीय सङ्घर्षलाई उत्पन्न गरेको छ ।जसले गर्दा श्रम बजार र आर्थिक असमानताको बीचमा ठूलो खाडल ल्याएको छ । लम्साल ( २०२१)अनुसार नवउदारवादको प्रभावले श्रमिक वर्गलाई अस्थिर र असुरक्षित बनाएको छ, जसका कारण सङ्घर्षको स्वरूपमा परिवर्तन आएको छ ।

विश्वव्यापीकरण र अन्तर्राष्ट्रिय श्रमिक वर्गको भूमिका नेपालका प्रवासी श्रमिकहरू विभिन्न प्रकारको विकासको प्रवाहले अबको आन्दोलनको दिशा निर्धारण गर्नेछ । यसै सन्दर्भमा  जिम्बो ( २०१८) अनुसार प्रवासी श्रमिकहरूको जीवनलाई नवउदारवादी नीतिहरू र भूमण्डलीकरणको प्रभावका कारण जटिल भएको बताएका छन् । नेपालका प्रवासी श्रमिकहरू पनि वर्ग सङ्घर्षका नयाँ स्वरूपका रूपमा हेरिएका छन् ।प्रवासी कामदारहरूको शोषण, कम तलब र अस्थिर जीवन प्रवृत्तिहरूले एक नयाँ प्रकारको वर्ग सङ्घर्षलाई जन्म दिएको छ । प्रवासी श्रमिकहरूको सङ्घर्ष केवल आर्थिक नभई सामाजिक र सांस्कृतिक पहिचानका कारण पनि वर्ग सङ्घर्ष जटिल बनिसकेको छ ।

डिजिटल प्रविधिको युग र नयाँ वर्ग विभाजन नेपालमा सूचना प्रविधि क्षेत्रको विकाससँगै श्रमिक र प्रविधि-सम्पन्न वर्गबीचको अन्तर पनि बढ्दै गएको छ जसले डिजिटल विभाजनले नयाँ प्रकारको वर्ग सङ्घर्ष जन्माइरहेको छ ।यो प्रविधिले नयाँ डिजिटल श्रमिक वर्ग र प्रविधि अभिजात वर्ग सिर्जना गरिरहेको छ  ।अहिले  सामाजिक सञ्जालले राजनीतिक चेतना र वर्ग सङ्घर्षलाई प्रभावित गर्दैछ । जातीयता र वर्ग सङ्घर्ष नेपालको समाजमा जातीय सङ्घर्ष प्रमुख भिन्नताका साथ वर्ग सङ्घर्षको नयाँ स्वरूप हो ।

नेपाली समाजमा जातीयता र वर्गीय असमानता एकअर्कासँग गहिरो सम्बन्ध राख्छ । नेपालमा जातीय भेदभाव र सांस्कृतिक प्रभुत्व जातीय सङ्घर्षको मूल कारणहरू हुन । मधेशी समुदाय, आदिवासी जनजाति र दलित समुदाय जातीय असमानतामा आधारित सङ्घर्ष चलिरहेको छ । नेपालको समाजमा लैंगिक असमानता पनि एक ठूलो वर्गीय सङ्घर्षको कारण बनिरहेको छ । यहाँका महिलाहरू आर्थिक र सामाजिक रूपमा कमजोर र अधिकारविहीन छन्। महिलाहरूको अधिकार र समानता प्राप्त गर्नका लागि भएका सङ्घर्षहरूले नयाँ वर्ग सङ्घर्षको स्वरूप पाएका

छन् । नेपालको राजनीतिक विकासलाई वर्गसङ्घर्षले निरन्तर प्रभाव पारेको छ। प्राचिनकालदेखि आधुनिक गणतन्त्रसम्मका राजनीतिक आन्दोलनहरूमा वर्ग सङ्घर्षको गहिरो प्रभाव देख्न सकिन्छ। यद्यपि सशस्त्र सङ्घर्षको युग समाप्त भए पनि आर्थिक, सामाजिक र राजनीतिक असमानताहरूका कारण वर्ग सङ्घर्ष विभिन्न रूपमा जारी रहेको छ।

विभिन्न समयमा भएको सङ्घर्षको उपलब्धी संविधानमै उल्लेख गरेतापनि त्यसलाई कार्यान्वयनमा गर्न धेरै चुनौतिहरु छन्। पहिलो कुरा त वर्गीय आन्दोलन आजको सन्दर्भमा कमजोर अवस्था छ दोस्रो जुन विषयमा जनता वर्गीय आन्दोलनमा होमिएका थिए भएकै छैन तर पनि केहि आंशिक रुपमा भएका पनि धेरै लागु गर्न गाह्रो छ। भूमि सुधार अधुरो छ, खेतीयोग्य जमिनको ठूलो भू-भाग केहीको हातमा केन्द्रित छ सामाजिक सुरक्षा कार्यक्रमहरू कम वित्तिय र कमव्यवस्थित छन् । वर्ग सङ्घर्षलाई केवल विरोधको माध्यममा सीमित नगरी समतामूलक समाज निर्माणका लागि सकारात्मक दृष्टिकोणबाट उपयोग गर्नुपर्ने देखिन्छ। नेपालमा वर्गसङ्घर्ष केवल आर्थिक असमानता वा श्रम शोषणसम्म सीमित छैन। राज्यसत्ता, सांस्कृतिक प्रभुत्व तथा नवउदारवादी नीतिहरूले वर्ग सङ्घर्षलाई अझ जटिल बनाइरहेका छन्। नेपालमा वर्गीय समानता ल्याउन भूमि सुधार, श्रमिक अधिकारको संरक्षण तथा राज्यका प्रणालीहरु तथा नीति सुधार आवश्यक देखिन्छ।

राजनीतिक परिवर्तनहरू भएपनि वर्गीय असमानता निरन्तर रहँदै आएको छ। यो समस्या समाधान गर्न राज्यका नीतिहरूमा पुनर्विचार, श्रमिक हक अधिकारको संरक्षण तथा सांस्कृतिक प्रभुत्वको अन्त्य अनिवार्य देखिन्छ। नव-मार्क्सवादी दृष्टिकोणले राज्यसत्ता, सांस्कृतिक प्रभुत्व तथा नवउदारवादको प्रभावलाई समेट्न खोजेपनि, वर्गसङ्घर्षका जातीय, लैंगिक तथा प्रवासी श्रमिकजस्ता नवीन स्वरूपहरूको पर्याप्त व्याख्या गर्न सक्दैन। नेपालको राजनीतिक परिवर्तनलाई बुझ्न, बहुआयामिक दृष्टिकोण आवश्यक छ, जसले वर्गसङ्घर्षलाई केवल आर्थिक द्वन्द्वका रूपमा नभई राजनीतिक, सांस्कृतिक तथा अन्तर्राष्ट्रिय शक्ति सन्तुलनका रूपमा पनि बुझ्न सकियोस्। नेपालमा वर्गसङ्घर्षको विश्लेषणमा परम्परागत मार्क्सवादी र नव-मार्क्सवादी दृष्टिकोणहरूले ठूलो भूमिका खेलेका छन्। यद्यपि यी सिद्धान्तहरूले नेपालको सामाजिक संरचनाको जटिलतालाई पूरा रूपमा समेट्न सक्दैन।

## निष्कर्ष

आजको सन्दर्भमा वर्ग शुद्धता र वर्ग छुट्याउने मापदण्ड नै प्रमुख चुनौतिको विषय हो ।पहिचानको राजनीति (identity politics) ले वर्ग सङ्घर्ष अहिले कमजोरको बनिरहेको छ ।समकालीन राजनीतिमा वर्गीय मुद्दाहरूबाट टाढिँदै गएको देखिन्छ। नेपालको राजनीतिमा वर्ग

सङ्घर्षको भूमिका अत्यन्त महत्वपूर्ण र प्रभावशाली रहेको कारण राजनीतिक विकास, सामाजिक न्याय र लोकतान्त्रिक प्रक्रियालाई गहिरो रूपमा प्रभावित पारेको छ। भविष्यमा, नेपालले वर्ग सङ्घर्षको सकारात्मक पक्षहरूलाई उपयोग गर्दै समावेशी विकास र स्थायी शान्तिको लक्ष्य हासिल गर्न सक्ने सम्भावना छ। यद्यपि, यसका चुनौतीहरूलाई सम्बोधन गर्न र सबै वर्गहरूबीच सन्तुलन कायम गर्न निरन्तर प्रयास आवश्यक छ। सामाजिक-आर्थिक असमानतालाई सम्बोधन गर्न उल्लेखनीय प्रगति भएको भएतापनि समानता र न्यायको प्रभावकारी कार्यन्वयन गर्नचुनौतीपूर्ण छ।माओवादी जनयुद्ध र कम्युनिस्ट पार्टीहरुको प्रयासले वर्गीय समानता र सामाजिक न्यायको मुद्दालाई केन्द्रमा ल्याएको  छ तर वर्तमान अवस्थामा वर्गीय विभाजन अन्त्य गर्न नीतिगत र कार्यान्वयनका क्षेत्रमा सुधार आवश्यक छ।सामन्तवादविरुद्धको सङ्घर्षदेखि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासम्म, वर्ग सङ्घर्ष राजनीतिक परिवर्तनको उत्प्रेरक बनेको छ। नेपालको संविधान र कानूनी व्यवस्थाले समानता र सामाजिक न्यायका लागि मार्गचित्र दिएपनि कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ।भविष्यमा वर्गीय असमानता अन्त्य गर्न प्रभावकारी नीति, न्यायपूर्ण आर्थिक पुनःसंरचना र समावेशी राजनीतिक प्रणालीमा सुधार आवश्यक देखिन्छ।

नेपाली समाजको नयाँ सामाजिक संरचनामा वर्गसङ्घर्षको बुझाइका लागि एक प्राज्ञिक दृष्टिकोणको विकास गर्नु अत्यन्त आवश्यक छ, जसले नेपालका राजनीतिक र सामाजिक परिवर्तनका सवालहरूको उचित समाधान गर्न मद्दत पुर्याउँछ।नवउदारवाद, जातीय असमानता, लैंगिक भेदभाव, र प्रवासी सङ्घर्ष जस्ता नयाँ आयामहरू वर्ग सङ्घर्षका प्रमुख तत्वका रूपमा विकसित भएका छन्। नेपालमा वर्गीय सङ्घर्ष केवल पुराना आर्थिक सन्दर्भहरूमा मात्र आधारित छैनयसले सामाजिक, सांस्कृतिक र राजनीतिक असमानतालाई पनि समेटेको छ। तसर्थ, नेपालको समग्र राजनीतिक स्थायित्व तथा वर्गीय समानता कायम गर्नका लागि समाजमा भइरहेका नयाँ वर्ग सङ्घर्षहरू र त्यसका प्रभावहरूलाई ध्यानमा राखेर समावेशी र समानताका आधारमा नीतिहरू बनाउन आवश्यक छ।

वर्ग सङ्घर्षको नयाँ स्वरूप परम्परागत मार्क्सवादी दृष्टिकोणमा सीमित छैन। नवउदारवाद, जातीयता, लैंगिकता र प्रवासी श्रमिक सङ्घर्ष जस्ता परिघटनाहरूले वर्ग सङ्घर्षको परिभाषालाई गहिरो र जटिल बनाएका छन्। नेपाल जस्तो बहुजातीय र बहुसांस्कृतिक समाजमा, वर्ग सङ्घर्ष केवल आर्थिक असमानतासम्म सीमित छैन, यसले जातीय, लैंगिक, सांस्कृतिक र राजनीतिक आयामहरूलाई पनि समेटेको छ।नेपालको समग्र राजनीतिक संरचनालाई र यसको विकासलाई बुझ्नका लागि वर्ग सङ्घर्षका यी नयाँ स्वरूपलाई ध्यानमा राखेर नीति बनाउनु अत्यन्त आवश्यक

छ। यसले समानता, सामाजिक न्याय र समावेशिताका लागि एक नयाँ मार्ग प्रशस्त गर्न सक्छ ।नेपालको राजनीतिक परिवर्तनमा वर्ग सङ्घर्ष महत्वपूर्ण रहँदै आएको छत थापि समकालीन राजनीति वर्गीय मुद्दाहरूबाट टाढिँदै गएको देखिन्छ। आर्थिक असमानताको बढ्दो दरले भविष्यमा वर्ग सङ्घर्ष पुनः सशक्त हुन सक्ने सम्भावना देखिन्छ ।

## सन्दर्भसूची


Adhikari, V. (2019). *Nepalma barga sangharsha ra jatiya vibhed [Class struggle and caste discrimination in Nepal]*. Manjari Publications.

Althusser, L. (1971). *Ideology and ideological state apparatuses*. Verso.

Barker, C. (2013). Class struggle and social movements. In *Marxism and social movements*. Brill.

Blaikie, P., Cameron, J., & Seddon, D. (2002). *Nepal in crisis: Growth and stagnation at the periphery*. Oxford University Press.

Bloor, C. (2014). *The Maoist insurgency in Nepal*. Routledge.

Brown, T. (1996). *The challenge to democracy in Nepal*. Routledge.

Clarke, S. (1991). State, class struggle, and the reproduction of capital. In *The state debate*. Palgrave Macmillan.

Clarke, S. (2001). Class struggle and the global overaccumulation of capital. In *Phases of capitalist development: Booms, crises and globalization*. Palgrave Macmillan.

Dahal, V. (2022). *Maoist janayuddha: Ek samikshatmak dhyayan [Maoist people's war: A critical analysis]*. Nepal Political Studies Institute.

Dhakal, S. (2019). *Nav-udārwād ra prabasi shramik barga ko awastha [Neoliberalism and the status of migrant labor class]*. Nepal Studies Center.

Gellner, D. N. (2007). Ethnicity and nationalism in the world's only Hindu state. *Social Anthropology*.

Gramsci, A. (1971). *Selections from the prison notebooks*. International Publishers.

Harnecker, M. (1981). The class struggle. *Encyclopedia of Anti-Revisionism Online*.

Harvey, D. (2005). *A brief history of neoliberalism*. Oxford University Press.

Huntington, S. P. (1991). *The third wave: Democratization in the late twentieth century*. University of Oklahoma Press.

Jimbo, R. (2018). *Prabasi shramik ra samajik asamānata [Migrant workers and social inequality]*. Global Migration Studies.

Koht, H. (1929). The importance of the class struggle in modern history. *The Journal of Modern History, 1*(3).

Lamsal, P. (2021). *Nav-udārwād, prabasi shram ra Nepal [Neoliberalism, migrant labor, and Nepal]*. Niti Anusandhan Pratishthan.

Lavalette, M., & Mooney, G. (2013). *Class struggle and social welfare*. Routledge.

Lawoti, M., & Hangen, S. (2012). *Nationalism and ethnic conflict in Nepal*. Routledge.

Marx, K., & Engels, F. (1848). *The Communist manifesto*. Penguin Books.

Mishra, C. (2001). *Nepalko samajik samrachana ra barga sangharsha [Social structure and class struggle in Nepal]*. Social Science Research Center.

Navarro, V. (2017). The worldwide class struggle. In *Karl Marx*. Routledge.

Nepal Law Commission. (2015). *The constitution of Nepal*.

Poulantzas, N. (1978). *State, power, socialism*. Verso.

Scott, J. (1996). Class analysis: Weberian and Marxist perspectives. *The British Journal of Sociology, 47*(1).

Sen, A. (1999). *Development as freedom*. Oxford University Press.

Sharmila, G. (2015). *Nepalma mahila adhikar ra samajik sangharsha [Women's rights and social struggles in Nepal]*. Women's Resource Center.

Singh, B. (2002). *Feudal structures and democratic movements in Nepal*. Nepal Studies Press.

UNDP. (2020). *Human development report*. United Nations Development Programme.

Upreti, B. C. (2004). Land conflict in Nepal: Peasant's struggle to change unequal agrarian relations. *South Asia Research*.

Upreti, D. (2020). *Rajsatta ra barga sangharsha: Nepali paripreksha [State and class struggle: The Nepalese context]*. Nepal Studies Group.

Weber, M. (1978). *Economy and society: An outline of interpretive sociology* (G. Roth & C. Wittich, Eds.). University of California Press.

Weber, M. (2001). *The Protestant ethic and the spirit of capitalism* (T. Parsons, Trans.). Routledge.

Whelpton, J. (2005). *A history of Nepal*. Cambridge University Press.

World Bank. (2020). *Poverty and equity brief: Nepal*. World Bank.

Wright, E. O. (1997). *Class counts: Comparative studies in class analysis*. Cambridge University Press.

भट्टराई, ब. (२०५३). *नेपालको राष्ट्रियता र वर्ग सङ्घर्ष,* परिवर्तन पब्लिकेसन ।